आज मिति २०८० असार १० गते कमलामाई नगरपालिकाका नगर प्रमुख श्री उपेन्द्र कुमार पोखरेल ज्यूको अध्यक्षतामा नगर सभाको १३ औं अधिवेशनको दोश्रो बैठक (आ.व. २०८०/०८१ को बजेट तथा कार्यक्रम) तपसिल बमोजिमको उपस्थितिमा बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति :-

श्री उपेन्द्र कुमार पोखरेल	नगर प्रमुख	-नगर सभा अध्यक्ष
श्री मन्जु देवकोटा	उप प्रमुख	- नगर सभा सदस्य
श्री नरेश गोले	वडा अध्यक्ष	- नगर सभा सदस्य
श्री इन्द्र वाईबा	वडा अध्यक्ष	- नगर सभा सदस्य
श्री खड्ग प्रसाद चौलागाई	वडा अध्यक्ष	- नगर सभा सदस्य
श्री महेन्द्र प्रसाद ढकाल	वडा अध्यक्ष	- नगर सभा सदस्य
श्री पुर्ण बहादुर खड्का	वडा अध्यक्ष	- नगर सभा सदस्य
श्री उज्ज्वल कुमार थापा	वडा अध्यक्ष	- नगर सभा सदस्य
श्री कर्णबहादुर घिसिङ	वडा अध्यक्ष	- नगर सभा सदस्य
श्री कोमल कुमार श्रेष्ठ	वडा अध्यक्ष	- नगर सभा सदस्य
श्री विनोद प्रधान	वडा अध्यक्ष	- नगर सभा सदस्य
श्री दिप बहादुर कार्की	वडा अध्यक्ष	- नगर सभा सदस्य
श्री राम बहादुर थिङ	वडा अध्यक्ष	- नगर सभा सदस्य
श्री भिम बहादुर गुर्मछान	वडा अध्यक्ष	- नगर सभा सदस्य
श्री केशर बहादुर कार्की	वडा अध्यक्ष	- नगर सभा सदस्य
श्री राजन न्यौपाने	वडा अध्यक्ष	- नगर सभा सदस्य
श्री भद्रिमाया हायु	कार्यपालिका सदस्य	- नगर सभा सदस्य
श्री जमुना कुमारी श्रेष्ठ	कार्यपालिका सदस्य	- नगर सभा सदस्य

Scanned with CamScanner

	श्री उमा विश्वकर्मा	कार्यपालका सदस्य	- नगर सभा सदस्य
	श्री शिव कुमारी रायमाझी	कार्यपालिका सदस्य	- नगर सभा सदस्य
	श्री धन कुमारी श्रेष्ठ	कार्यपालिका सदस्य	- नगर सभा सदस्य
	श्री देवी देवकोटा	कार्यपालिका सदस्य	- नगर सभा सदस्य
	श्री राजन वहादुर भुजेल	कार्यपालिका सदस्य	- नगर सभा सदस्य
	श्री मान वहादुर दमै	कार्यपालिका सदस्य	- नगर सभा सदस्य
	श्री मनिषा पोखेल	महिला सदस्य	- नगर सभा सदस्य
	श्री इन्दु वि.क.	महिला सदस्य	- नगर सभा सदस्य
	श्री केशव माझी	सदस्य	- नगर सभा सदस्य
	श्री सुर्य वहादुर पाखिन	सदस्य	- नगर सभा सदस्य
	श्री गोमा माया घलान	महिला सदस्य	- नगर सभा सदस्य
	श्री सुन्तली कमिनी	महिला सदस्य	- नगर सभा सदस्य
	श्री डम्वर वहादुर दम्जन	सदस्य	- नगर सभा सदस्य
	श्री पुष्प वहादुर सुनुवार	सदस्य	- नगर सभा सदस्य
	श्री कुसा आचार्य	महिला सदस्य	- नगर सभा सदस्य
	श्री हिरा कुमारी सार्की	महिला सदस्य	- नगर सभा सदस्य
	श्री खेम वहादुर राई (हायु)	सदस्य	- नगर सभा सदस्य
	श्री शोभा सिं स्याङ्वा	सदस्य	- नगर सभा सदस्य
	श्री श्रीमती गोरी सर्किनी	महिला सदस्य	- नगर सभा सदस्य
	श्री युवराज श्रेष्ठ	सदस्य	- नगर सभा सदस्य
	श्री कान्छीमाया सार्की	महिला सदस्य	- नगर सभा सदस्य

Scanned with CamScanner

श्री प्रकाश सुनुवार	सदस्य	- नगर सभा सदस्य
श्री कुसुम कुमारी तामाङ	महिला सदस्य	- नगर सभा सदस्य
श्री निर्मला परियार	महिला सदस्य	- नगर सभा सदस्य
श्री खड्ग ध्वज कार्की	सदस्य	- नगर सभा सदस्य
श्री वेन कुमारी बस्नेत	महिला सदस्य	- नगर सभा सदस्य
श्री उषा वि.क.	महिला सदस्य	- नगर सभा सदस्य
श्रीसोम वहादुर वल	सदस्य	- नगर सभा सदस्य
श्री शुकुलाल लामा	सदस्य	- नगर सभा सदस्य
श्री जिवन माया सुनुवार (ठकुरी)	महिला सदस्य	- नगर सभा सदस्य
श्री जानुका कुमारी विश्वकर्मा	महिला सदस्य	- नगर सभा सदस्य
श्री ढलक वहादुर स्याङतान	सदस्य	- नगर सभा सदस्य
श्री ईन्द्र वहादुर वस्नेत	सदस्य	- नगर सभा सदस्य
श्री गिता कुमारी मगर	महिला सदस्य	- नगर सभा सदस्य
श्री मिरा कुमारी दमाई	महिला सदस्य	- नगर सभा सदस्य
श्री दिनेश न्यौपाने	सदस्य	- नगर सभा सदस्य
श्री गोविन्द ढङ्गेल	सदस्य	- नगर सभा सदस्य
श्री कर्ण माया आले	महिला सदस्य	- नगर सभा सदस्य
श्री चमेली माया सार्की	महिला सदस्य	- नगर सभा सदस्य
श्री गुण हरि पौडेल	सदस्य	- नगर सभा सदस्य
श्री कमल कुमार कार्की	सदस्य	- नगर सभा सदस्य
श्री लाल कुमारी पाण्डे	महिला सदस्य	- नगर सभा सदस्य

Scanned with CamScanner

श्री अजय तामाङ लामा	सदस्य	- नगर सभा सदस्य
श्रीरुद्र बहादुर राना मगर	सदस्य	- नगर सभा सदस्य
श्री डम्बर कुमारी सिदाली मगर	महिला सदस्य	- नगर सभा सदस्य
श्री मुना परियार	महिला सदस्य	- नगर सभा सदस्य
श्री कुल बहादुर तामाङ	सदस्य	- नगर सभा सदस्य
श्री केशर बहादुर भुजेल	सदस्य	- नगर सभा सदस्य
श्री विमला कामी	महिला सदस्य	- नगर सभा सदस्य
श्री रित बहादुर पहरी	सदस्य	- नगर सभा सदस्य
श्री भुवन बहादुर माझि	सदस्य	- नगर सभा सदस्य
श्री तारा माझी	महिला सदस्य	- नगर सभा सदस्य
श्री पवित्रा विश्वकर्मा	महिला सदस्य	- नगर सभा सदस्य
श्री धुव बहादुर माझी	सदस्य	- नगर सभा सदस्य
श्री बुद्धिलाल अधिकारी	सदस्य	- नगर सभा सदस्य
श्री सुर्य प्रसाद दाहाल	(प्र.प्र.अधिकृत)	- सदस्य सचिव

Scanned with CamScanner

प्रस्तावहरु:

पस्ताव नं. १ – नगरउपप्रमुख ज्यूबाट आर्थिक वर्ष २०८०/८१ को बजेट बक्तव्य प्रस्तुत सम्बन्धमा ।

प्रस्ताव नं. २– विनियोजन विद्येयक २०८० र आर्थिक विद्येयक २०८० स्वकृतिका लागि पेश सम्बन्धमा ।

प्रस्ताव नं. ३ – विविध सम्बन्धा ।

निर्णयहरु:

निर्णय नं. १ - नगरउपप्रमुख ज्यूबाट आर्थिक वर्ष २०८०/८१ को बजेट बक्तव्य नगरसभा १३ औ अधिवेशनको दोश्रो बैठकमा प्रस्तुत गरियो ।

निर्णय नं. २ - विनियोजन विद्येयक २०८० र आर्थिक विद्येयक २०८० नगरसभामा पेश भई छलफल पश्चात सर्वसम्मत रुपमा पारित गरियो ।

निर्णय नं. ३ – वडागत सिलिङ्गको बजेट विनियोजन र विभिन्न प्रशासनिक निर्णयहरु गर्न मितिः २०८०/०३/१८ गते नगरसभा १३ औं अधिवेशनको तेश्रो बैठक नगरसभाहलमा दिनको ११ बजे बस्ने निर्णय गरियो ।

Scanned with CamScanner

कमलामाई नगरपालिका नगरसभाको १३औं अधिवेशन दोश्रो बैठकमा नगर उपप्रमुख श्री मञ्जु देवकोटाबाट आर्थिक वर्ष २०८०।८१ को लागि प्रस्तुत बजेट वक्तव्य

कमलामाई नगरपालिका, नगरसभा तेह्रौ अधिवेश,
दोश्रो बैठकका सभाअध्यक्ष एवं नगरप्रमुखज्यू,
प्रमुख प्रशासकीय अधिकृत ज्यू,
सभामा उपस्थित नगरसभा सदस्यज्यूहरु,
उपस्थित नगरपालिकाका कर्मचारीहरु,
र उपस्थित सम्पूर्ण महानुभावहरुमा हार्दिक स्वागत तथा अभिवादन व्यक्त गर्दछु।

१. यस महत्वपूर्ण अवसरमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापना र समृद्धिका लागि आफ्नो जीवनको आहुती गर्नु हुने ज्ञात अज्ञात अमर शहीदहरू प्रति हार्दिक श्रद्धा-सुमन अर्पणगर्दै विभिन्न राजनैतिक/समाजिक आन्दोलनका क्रममा घाइते हुन पुगेका नागरिकहरू प्रति उच्च सम्मान प्रकट गर्न चाहान्छु। आजको यस संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनार्थ राजनीतिक परिवर्तनको नेतृत्व गर्ने नेतागण तथा आम परिवर्तनकारी जनताप्रति हार्दिक आभार र नमन व्यक्त गर्दछु।

२. नेपालको संविधानको धारा २३० तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७१ मा बजेट पेश र पारित गर्ने सम्बन्धमा भएको व्यवस्था अनुसार नगरउपप्रमुखको हैसियतले यस गरिमामय सभामा आगामी आर्थिक वर्ष २०८०/८१ को बजेट प्रस्तुत गर्न पाउँदा मलाई गर्व महसुस भैरहेको छु।

३. मुलुकको अर्थतन्त्रमा देखिएका समस्या एवं चुनौतीहरुले हामी सबै प्रभावित भैरहेका छौं, अर्थतन्त्रमा देखिएका अप्ठेराहरुलाई हटाउँदै आशा र भरोसाको सञ्चार गर्ने जिम्मेवारीको बोध भएको छ। विस्तारै अर्थतन्त्रमा सुधार आउँदै जाने कुरामा हामीले विश्वास लिएका छौं।

४. नगरपालिकाले आफूसँग भएको श्रोत साधनको परिणाममुखी उपयोगमा जोड दिदै आएको र खर्चमा मितव्ययीता अपनाउने नीति अनुरुप चालु खर्च कटौती गर्दै पुँजिगत खर्च बढाउने तर्फ बजेट परिलक्षित रहेको कुरा म यस सम्मानित सभामा जानकारी गराउन चाहन्छु।

५. कार्यालयका विभिन्न शाखा, उपशाखा, इकाईहरुले गर्ने चालु खर्चको सम्बन्धमा प्रस्तावित बजेटमा केही कटौती गरी प्रस्ताव गरिएको छ। अवस्थाको विश्लेषण गरी गरिएको बजेट

Scanned with CamScanner

कटौतीलाई हामी सबैले मनन् गर्नैपर्छ र विनियोजन हुने बजेटको प्रभावकारी कार्यान्वयनका लागि म सबै सभासदस्यज्यूहरु र कर्मचारी परिवारलाई हार्दिक आग्रह गर्न चाहन्छु।

६. आर्थिक वर्ष २०८०/८१ को बजेट तर्जुमा गर्दा नेपालको संविधान, प्रचलित कानून, नगरसभा ७ असार, २०८० मा पारित आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम, संघ र प्रदेश सरकारले अवलम्बन गरेका नीति, कार्यक्रम तथा बजेट र चालु आर्थिक वर्षमा बजेट कार्यान्वयनको अवस्था समेतलाई आधार मानी तयार गरिएको छ। बजेट तर्जुमाका सिलसिलामा स्थानीय राजश्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, सबै सभा सदस्यज्यूहरु, कर्मचारी परिवार, विभिन्न संघसंस्था, सञ्चार जगत, नगरवासीका सुझावहरुलाई समेत ध्यान दिइएको छ।

७. नेपालको संविधान जारी भए पश्चात राज्यको शासकीय संरचना ३ तहको सरकारबाट संरचित छ। स्थानीय सरकार जनताको सबैभन्दा नजिकको सरकार हो। स्थानीय सरकारको रुपमा कमलामाई नगरपालिकाले व्यवस्थापिका, कार्यकारी र न्यायिक अधिकारको प्रयोग गर्दै आएको छ। यस सम्मानित नगर सभामा बजेट तथा कार्यक्रमको अतिरिक्त आर्थिक विद्येयक र विनियोजन विद्येयक समेत प्रस्तुत भई पारित गर्ने कार्यक्रम रहेको छ।

आदरणीय नगरसभाका अध्यक्षज्यू तथा सदस्यज्यूहरु,

८. अब म यस सभासमक्ष चालु आर्थिक वर्ष २०७९/८० को नगरपालिकाको आम्दानी र खर्चको समग्र अवस्थाका सम्बन्धमा संक्षेपमा समिक्षा गर्ने अनुमति चाहन्छु।

आम्दानी तर्फ

९. चालु आर्थिक वर्षको पछिल्लो संशोधित बजेट १ अर्ब ३९ करोड २१ लाख ९ हजार रहेको छ। जसमा असार ७ गते सम्म १ अर्ब १७ करोड ६६ लाख २६ हजार प्राप्ति भएको छ। कुल बजेटको ८४ प्रतिशत मात्र आम्दानी प्राप्त भएको देखिन्छ।

१०. संघीय सरकारबाट प्राप्त हुने वितिय समानिकरण अनुदानको अन्तिम किस्ताको ५० प्रतिशत मात्र निकाशा प्राप्त भएको त्यस्तै संघीय राजश्व बाँडफाँड बापत रु. १७ करोड ५ लाख ६० हजार प्राप्त हुनुपर्नेमा रु. १० करोड ६७ लाख १० हजार मात्र प्राप्त भएको

Scanned with CamScanner

छ । यसमा लक्ष्य अनुसार प्राप्ति हुने अवस्था देखिदैन । अरु शीर्षकहरुमा असार मसान्त सम्ममा लक्ष्य अनुसार आम्दानी हुने अनुमान गर्न सकिन्छ । नगरपालिकाले चालु आर्थिक वर्ष २०७९/८० मा आन्तरिक आयश्रोत तर्फ ६ करोड ११ लाख अनुमान गरिएकोमा ५ करोड ५५ लाख अर्थात ९१ प्रतिशत प्राप्ति भैसकेको छ र यो महिनासम्ममा लक्ष्य अनुसार आन्तरिक आयश्रोत प्राप्ति हुने अनुमान गर्न सकिन्छ ।

११. नगरपालिकाको आफ्नो आयश्रोत नै आन्तरिक आयश्रोत हो, जसमा यस वर्ष घरबाहाल करबाट सवैभन्द बढी राजश्व उठेको देखिएको छ । जसमा ६० लाख अनुमान गरेकोमा १ करोड १५ हजार उठिसकेको छ । दोश्रोमा सम्पत्ति कर रहेको छ, १ करोड सम्पत्ति कर उठाउने लक्ष्य रहेकोमा ९४ लाख संकलन भैसकेको देखिएको छ । त्यस्तै गरी विभिन्न आय ठेक्कापट्टा, पसलकवलबाट ६० लाख अनुमान गरिएकोमा ४८ लाख संकलन भै सकेको छ । सिन्धुलीगढी प्रवेश शुल्कबाट ७९ लाख ४७ हजार अनुमान गरिएकोमा ४७ लाख ३२ हजार संकलन भएको छ । सिन्धुलीगढीमा पर्यटनको उच्च संभावना भएकाले थप पर्यटक भित्र्याउन सके आन्तरिक राजश्वमा समेत वढोत्तरी हुने देखिन्छ ।

खर्च तर्फ

१२. चालु आर्थिक वर्ष २०७९/८० को असार ७ गते सम्म नगरपालिकाको अनलाईन विधुतिय तथ्यांक सुत्र सफ्टवेयर अनुसार कुल बजेट १ अर्व ३९ करोड २१ लाख ९ हजार रहेको र चालु तर्फ विनियोजन ८३ करोड ३२ लाख २९ हजार र पूँजिगत तर्फ ४९ करोड ५ लाख ८० हजार रहेको छ र हाल खर्च भएको प्रतिशतमा चालु तर्फ ७६.१२ र पुँजिगत तर्फ ६१.१७ प्रतिशत खर्च भएको छ । यसमा चालु तथा पुँजिगत दुवै गरी कूल खर्च प्रतिशत ६७.१९ रहेको छ ।

१३. चालु आर्थिक वर्षमा मुख्य केही क्षेत्रहरुमा भएको खर्चलाई हेर्दा सवैभन्द बढी शिक्षा क्षेत्रमा खर्च भएको देखिएको छ । शिक्षा क्षेत्रमा ३५ करोड ६० लाख खर्च भएको छ । दोश्रोमा कार्यालय सञ्चालन तथा प्रशासनिक तर्फ १७ करोड ९६ लाख खर्च भएको छ । तेश्रोमा यातायात पूर्वाधारमा १४ करोड ९९ लाख खर्च भएको छ । चौथोमा भवन, आवास तथा शहरी विकासमा ६ करोड ६८ लाख खर्च भएको छ । पाँचौमा स्वास्थ्यमा ४ करोड ९५ लाख खर्च भएको छ र यसै गरी छैठौ स्थानमा खानेपानी तथा सरसफाईमा २ करोड ३६ लाख खर्च भएको देखिएको छ ।

Scanned with CamScanner

आदरणीय नगरसभाका अध्यक्षज्यू तथा सदस्यज्यूहरु,

१४. अब म आर्थिक वर्ष २०८०/८१ को बजेट तथा कार्यक्रम पेश गर्ने अनुमति चाहन्छु । आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा गर्दा बजेटका उद्देश्य हासिल गर्न मैले देहाय अनुसारका क्षेत्रगत र कार्यक्रमगत प्राथामिकताका योजनाहरु निर्धारण गरेकी छु ।

- नगरपालिकाले प्रवाह गर्ने सेवालाई सरल सहज, चुस्त र दुरुस्त बनाउने खालका योजना तथा कार्यक्रमहरु ।
- उत्पादनमूलक तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने योजनाहरु ।
- लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने योजना तथा कार्यक्रमहरु ।
- दीगो विकास, वातावरणीय संरक्षण तथा सम्वर्द्धन गर्न सघाउ पुर्याउने योजनाहरु ।
- भाषिक तथा सास्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुर्याउने योजनाहरु ।
- आर्थिक, सामाजिक, भौतिक पूर्वाधार विकास मार्फत राष्ट्रिय अर्थतन्त्रमा टेवा पुर्याउने खालका योजनहरु ।

१५. कमलामाई नगरपालिकाको आर्थिक वर्ष २०८०/८१ को लागि स्वीकृत भएको वार्षिक नीति तथा कार्यक्रमलाई साकार पार्न कुल बजेट **रु. १ अर्ब ३९ करोड ४१ लाख ३४ हजार ६ सय २९ र पैसा ६५** अनुमानित बजेट तथा कार्यक्रम तयार गरिएको छ । यस बजेटको आम्दानीको श्रोत निम्न बमोजिम तय गरिएको व्यहोरा म सम्मानित सभामा पेश गर्न चाहन्छु ।

- अल्या मौज्दातको रुपमा रु.७ करोड अनुमान गरिएको छ ।
- आन्तरिक श्रोतको अनुमान रु. ८ करोड गरिएको छ ।
- वित्तीय हस्तान्तरण भई संघीय सरकारबाट प्राप्त हुने अनुदान रु. ७७ करोड ७७ लाख ।
- वित्तीय हस्तान्तरण भई प्रदेश सरकारबाट प्राप्त हुने अनुदान रु. ७ करोड ७९ लाख ८६ हजार ।
- संघीय सरकारबाट प्राप्त हुने राजश्व बाँडफाँड (मुल्य अभिवृद्धी कर र अन्तशुल्क) को रकम रु. १६ करोड ७१ लाख २६ हजार ।

Scanned with CamScanner

- प्रदेश सरकारबाट प्राप्त हुने राजश्व बाँडफाँड बापतको सवारी कर रकम रू. ११ करोड ९२ लाख ७२ हजार ६ सय २९ र पैसा ६५ ।
- नगर विकास कोषबाट ऋण प्राप्ति (सिटी हल निर्माणका लागि) रु. ३ करोड ।
- बिज्ञापन कर ठेक्का बाट रु. ५ लाख ।
- वन रोयल्टी बाँडफाँडबाट रु. ४० लाख ।
- ढुंङ्गा, गिट्टी, बालुवा (दहत्तर बहत्तर) बाँडफाँडबाट रु. २ करोड
- मालपोत रजिष्ट्रेशन बाँडफाँडबाट रु. ४ करोड ५० लाख
- विभिन्न मेला, उत्सवको मनोञ्जन कर रु. ५० हजार
- नगद लागत सहभागितामा हुने कार्यका लागि प्राप्त रु. २५ लाख

आदरणीय नगरसभाका अध्यक्षज्यू तथा सदस्यज्यूहरु,

१६. पेश भएको आय अनुमानलाई आधार मानी महत्वपूर्ण तपसिल बमोजिमका क्षेत्रहरु र विषयहरुमा बजेट बिनियोजन गरिएको छ । यसबाट नगरपालिकाले लिएको नीति तथा कार्यक्रमको लक्ष्य प्राप्ति तर्फ बजेट उन्मुख रहनेछ भन्ने मैले आशा अनि विश्वास लिएकी छु । बजेटको विस्तृत विवरण बिनियोजन विद्येयक २०८० का विभिन्न अनुसुचिहरुमा प्रस्तुत गरिएको व्यहोरा अनुरोध छ ।

तपसिल

नगरका प्राथामिकता तथा महत्वमा राखिएका योजना तथा कार्यक्रमहरु

१) कमलामाई नगरपालिका नगरकार्यपालिकाको व्यवस्थित प्रशासनिक भवन नहुँदा कार्यालयबाट जनतालाई सेवा प्रवाहमा विभिन्न समस्याहरु झेल्नु परिरहेको छ । जनतालाई सहज ढंगले गुणस्तरीय सेवा प्रवाह गर्न प्रशासनिक भवनको निर्माणको अपरिहार्य देखिएकोले आ.व.२०८०/८१ बाट व्यवस्थित प्रशासनिक भवन निर्माणको कार्य शुरु गरिनेछ । यसको लागि यस वर्ष ४ करोड ५० लाख बिनियोजन गरिएको छ ।

२) आफ्नै वडा कार्यालय भवन नभएका वडाहरुमध्ये १ वटा नयाँ वडा कार्यालय प्रशासनिक भवन निर्माण बहुवर्षीय कार्यक्रम अन्तर्गत नयाँ वडा कार्यालयका लागि रु. ८० लाख बिनियोजन गरिएको छ ।

Scanned with CamScanner

३) वडा नं.१३ को वडा कार्यालय भवन निर्माण निरन्तरताको लागि रु. १ करोड विनियोजन गरिएको छ।

४) वडागत योजना तथा कार्यक्रमहरुको लागि वडा समिति मार्फत प्रस्ताव हुने योजना/कार्यक्रमहरुका लागि रु. १४ करोड विनियोजन गरिएको छ।

५) बढ्दो शहरीकरण र फोहोरमैलाको उचित व्यवस्थापन गर्न डम्पिड साइट निर्माण वडा नं. ८, ९, १०, १३ र १४ का लागि बहुवर्षिय रुपमा उपयुक्त स्थान छनौट गरी निर्माण गरिनेछ यसका लागि रु. ४० लाख विनियोजन गरिएको छ।

६) पर्यटकीय क्षेत्रको विकास र विस्तार गर्दै लैजाने नीति अनुरुप चँदाहा टप्पु क्षेत्र पर्यटकीय पूर्वाधार अन्तर्गत ताल निर्माण (बहुवर्षिय) कार्यक्रमका लागि रु. २५ लाख विनियोजन गरिएको छ।

७) आगलागिको विपद् व्यवस्थापनका लागि दमकल खरिद साझेदारी कार्यक्रम उद्योग वाणिज्य संघ सिन्धुलीको साझेदारीमा खरिद गरिने छ यसको लागि नगरपालिकाबाट रु. ३० लाख विनियोजन गरिएको छ।

८) खेलकुदको प्रवर्द्धन र विकासका लागि खम्वेचौर प्याराफिट निर्माण (बहुवर्षिय) कार्यक्रमका लागि रु. ४० लाख विनियोजन गरिएको छ।

९) कमलामाई नगरपालिका वडा नं. ६ मा अटो पार्क निर्माणका लागि रु. २० लाख विनियोजन गरिएको छ।

१०) सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको सुविधा र सहजताका लागि छात्रवास निर्माण- गौमती मा.वि. क.न.पा. - ६, कमला जनज्योति मा.वि. सिलामे क.न.पा-५, नवज्योति बहिरा मा.वि. जसेदमार क.न.पा.-६ निर्माणको लागि रु. ६० लाख विनियोजन गरिएको छ।

११) बढ्दो शहरीकरण र वातावरणीय प्रभावलाई ध्यान दिदै यस नगरक्षेत्रमा तरल फोहोरलाई व्यवस्थापन गर्ने स्लज ट्रिटमेन्ट केन्द्र २ स्थानमा भिमान र सिन्धुलीको उपयुक्त स्थानमा निर्माण गरिनेछ। स्लज ट्रिटमेन्ट केन्द्र मार्फत चर्पी र अन्य स्थानबाट निस्कने फोहोरलाई प्रशोधन गरी मल उत्पादनमा समेत सहयोग पुग्ने छ। यसको लागि रु. २४ लाख विनियोजन गरिएको छ।

Scanned with CamScanner

१२) ग्वाङ करिडोर निर्माणको निरन्तरताका लागि रु. ३० लाख विनियोजन गरिएको छ।

१३) स्वदेश, विदेशको मुख्य आकर्षणको केन्द्रको रुपमा रहेको सिन्धुलीगढीको पर्यटन पूर्वाधार विकास कार्यलाई निरन्तरता दिईनेछ, पर्यटन अभिवृद्धिका लागि सिन्धुलीगढी क्षेत्रमा बालउद्यानको निर्माण गरिनेछ। यसको लागि रु. ८५ लाख विनियोजन गरिएको छ।

१४) बसपार्क स्टल निर्माणका लागि रु. १२ लाख विनियोजन गरिएको छ।

१५) कमलामाई मन्दिर पूर्वाधार निर्माणका लागि रु. १२ लाख विनियोजन गरिएको छ।

१६) विपन्नता न्युनिकरण गर्न विपन्न लक्षित कार्यक्रम अन्तर्गत नगरपालिकाको वडा नं. १, वडा नं. ११, वडा नं.१२, वडा नं. ८ र वडा नं. १३ मा लक्षित विपन्न परिवारलाई बाखा अनुदान कार्यक्रम सञ्चालनमा ल्याईनेछ। यसको लागि रु. ६० लाख विनियोजन गरिएको छ।

१७) स्वर्गद्वारी घाट निर्माणका लागि रु. ७ लाख ५० हजार विनियोजन गरिएको छ।

१८) कमलामाई नगरपालिका - ६ पार्क निर्माणका लागि रु. १० लाख विनियोजन गरिएको छ।

१९) एक वडा एक प्राथमिक योजना छनौट गरी कार्यान्वयन गर्न रु. १ करोड १२ लाख विनियोजन गरिएको छ।

२०) हाइ मास्ट लाईट (High Mast Light) तथा सि.सि. क्यामरा विस्तारका लागि रु.३० लाख विनियोजन गरिएको छ।

२१) प्रदेश सरकारबाट प्राप्त भएका समपुरक योजनाहरुको लागि ५० प्रतिशत नगरपालिकाबाट साझेदारी गरी सो कार्यक्रमका लागि कुल रु. ६ करोड ३० लाख विनियोजन गरिएको छ।

२२) संघीय सरकारबाट प्राप्त समपुरक योजनाहरुको लागि नगरपालिकाबाट ५० प्रतिशत लागत साझेदारी हुने गरी सो कार्यक्रममा कुल बजेट रु. ५ करोड १० लाख विनियोजन गरिएको छ।

Scanned with CamScanner

२३) संघ तथा प्रदेशबाट प्राप्त भएको विशेष र सशर्त अनुदानमा प्राप्त भए अनुसार नै खर्च हुने अनुमान पेश गरिएको छ । यसको विस्तृत विवरण विनियोजन विधेयकको अनुसूचीहरुमा उल्लेख गरिएको छ ।

२४) कर्मचारी कल्याण कोषका लागि रु. ३० लाख विनियोजन गरिएको छ ।

२५) पुँजिगत अनुसन्धान तथा परामर्श कार्य (डि.पि.आर.) का लागि रु. ५० लाख विनियोजन गरिएको छ ।

२६) सिटी हल निर्माणको लागि नगरविकास कोषसँग साझेदारी कार्यक्रमका लागि रु. १ करोड २० लाख विनियोजन गरिएको छ ।

२७) मर्मत संभार कोषका लागि रु.१० लाख विनियोजन गरिएको छ ।

२८) नगर स्वरोजगार कोष का लागि रु. ५० लाख विनियोजन गरिएको छ ।

२९) प्रकोप व्यवस्थापन कोषका लागि रु. ५० लाख विनियोजन गरिएको छ ।

३०) कार्यालयको प्रशासन तथा सञ्चालन कार्यका लागि रु.२३ करोड ३२ लाख विनियोजन गरिएको छ ।

३१) सडकबोर्ड, नेवा लगायतको कार्यक्रमका लागि म्याचिङ्ग रु. ५० लाख विनियोजन गरिएको छ ।

३२) नगरपालिकाको साँवाब्याँज फिर्ता वित्तीय व्यवस्थाका लागि रु. ४० लाख विनियोजन गरिएको छ ।

आदरणीय नगरसभाका अध्यक्षज्यू तथा सदस्यज्यूहरु,

विषयगत क्षेत्र तथा शाखागत योजना कार्यक्रमहरु

३३) नगरको शिक्षा विकासका विभिन्न कार्यक्रमहरुका लागि संघ तथा प्रदेशबाट प्राप्त हुने सशर्त अनुदान बाहेक रु.४ करोड १९ लाख बजेट विनियोजन गरिएको छ ।

Scanned with CamScanner

३४) नगरको कृषि क्षेत्रको विकासको लागि संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने सशर्त अनुदान बाहेक नगरपालिकाबाट ५६ लाख ५० हजार बजेट कृषि क्षेत्रमा विनियोजन गरिएको छ।

३५) नगरको पशु विकास तर्फ संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने सशर्त अनुदान बाहेक रु. ६६ लाख विनियोजन गरिएको छ।

३६) स्वास्थ्य क्षेत्रको लागि संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण बाहेक नगरपालिकाले रु. ७१ लाख ५४ हजार बजेट विनियोजन गरिएको छ।

३७) खानेपानी सरसफाई, वन, पर्यटन, विपद् तथा वातावरण क्षेत्रका लागि नगरपालिकाबाट रु. ४६ लाख ५० हजार बजेट विनियोजन गरिएको छ।

३८) भवन तथा बस्ती विकास (घर नक्सा) कार्यक्रमका लागि रु. ४ लाख ५५ हजार विनियोजन गरिएको छ।

३९) सामाजिक क्षेत्र अन्तर्गत लक्षित क्षेत्र, वर्ग, लिङ्ग, समुदाय आदिको हित र कल्याण तथा समग्र सामाजिक हित अभिवृद्धि गर्ने उद्देश्यका साथ कार्य गर्न रु. ८० लाख ६० हजार बजेट विनियोजन गरिएको छ।

४०) नगरपालिकाका उद्योग, व्यावसायको प्रवर्द्धन र विकासका लागि रु. २१ लाख ५० हजार बजेट विनियोजन गरिएको छ।

४१) नगरक्षेत्रको सहकारीहरुको हितको अभिवृद्धी गर्न रु. ८ लाख ६५ हजार बजेट विनियोजन गरिएको छ।

४२) न्यायीक समितिबाट प्रवाह हुने न्यायीक कार्यक्रम र मेलमिलाप कार्यक्रमको लागि रु. १७ लाख ६० हजार रकम विनियोजन गरिएको छ।

४३) आन्तरिक राजश्व सदृढीकरण गर्न गरिने क्रियाकलाको लागि रु. ७ लाख विनियोजन गरिएको छ।

४४) आर्थिक प्रशासनलाई चुस्त दुरुस्त राखि कार्यसम्पदान गर्ने कार्यका लागि रु. ६ लाख ७५ हजार विनियोजन गरिएको छ।

Scanned with CamScanner

४५) योजना तथा पूर्वाधार विकासका कार्यहरुमा सहयोग पुर्‍याउँने विभिन्न कार्यहरुका लागि रु. १८ लाख ५० हजार बिनियोजन गरिएको छ।

४६) सामाजिक सुरक्षा तथा पञ्जिकरण इकाईको विभिन्न कार्यहरुका लागि नगरपालिका बाट रु. १२ लाख २५ हजार बिनियोजन गरिएको छ।

४७) सूचना प्रविधिको विकास र सुदृढीकरणका लागि रु. ४६ लाख बिनियोजन गरिएको छ।

४८) नगरपालिकाको प्रशासन व्यवस्थापनका लागि रु.६ लाख ५० हजार बिनियोजन गरिएको छ।

४९) आन्तरिक लेखापरीक्षण इकाईलाई रु.३ लाख बिनियोजन गरिएको छ।

५०) प्रधानमन्त्री स्वरोजगार कार्यका लागि साझेदारी कार्यक्रम सहित रोजगार इकाई लाई रु. ५ लाख ६० हजार बिनियोजन गरिएको छ।

५१) ऐलानी तथा अव्यवस्थित जग्गा अभिलेखीकरण कार्यका लागि इकाई अन्तर्गत रु. १२ लाख २० हजार बजेट बिनियोजन गरिएको छ।

५२) सिन्धुलीगढी युद्ध संग्रहालयको दैनिक प्रशासन संचालन स्वरुप रु. ३ लाख ५० हजार बिनियोजन गरिएको छ।

५३) नगरको खेलकुद विकासको लागि नगरपालिकाले रु. ३१ लाख ५० हजार बजेट बिनियोजन गरेको छ।

आदरणीय नगरसभाका अध्यक्षज्यू तथा सदस्यज्यूहरु,

१७. नगरपालिको प्रशासनिक सुधार, मितव्ययी र सुशासनयुक्त कार्यक्रमहरु संचालन गरी नगरले निर्धारित गरेका लक्ष्य हासिल हुने विश्वास लिएकी छु। हामीबाट सञ्चालित विकासका गतिविधिहरुले समयमा नै लक्ष्य हासिल गरी जनअपेक्षा पुरा गर्न हामी जनप्रतिनिधि तथा कर्मचारी सबैको उच्च निष्ठा, प्रतिवद्धता र सकरात्मक सोचका साथ अघि बढ्न आवश्यक रहेको छ।

Scanned with CamScanner

१८. नगरपालिकाको अधिकाक्षेत्र भित्र पर्ने विभिन्न विषय, क्षेत्र र क्रियाकलापहरुमा नगरपालिकाले कर लगाउन पाउने, शुल्क दस्तुर लिन पाउने , दण्ड जरिवान लिन पाउने व्यवस्था भए अनुसार आन्तरिक आयश्रोतका विभिन्न करका दरहरु, शुल्क एवं दस्तुरका दरहरु समेटेर कार्यपालिकाबाट पारित भै आएको आर्थिक विधेयक २०८० यस गरिमामय सभामा यहाँहरु समक्ष पेश भै सकेको छ। यसमा आवश्यक छलफल र स्वीकृतिका लागि पेश गर्न चाहन्छु।

१९. बजेटको आम्दानी र खर्च समेटिएको विनियोजन विधेयक २०८०, कार्यपालिकाबाट स्वीकृति भए अनुसार यस सम्मानित सभामा छलफल र स्वीकृतिका लागि पेश गर्न चाहन्छु। विनियोजन विधेयकमा अनुसूचीहरुका रुपमा आय र व्ययका विभिन्न विवरणहरु राखी प्रस्तुत गरेकी छु।

अन्त्यमा,

२०. आधुनिक सूचना तथा प्रविधिको उच्चतम प्रयोग गरी स्थानीय शासन तथा सेवा प्रवाहलाई सरल, सहज र पहुँचयोग्य बनाउने मुख्य ध्येय रहेको छ।

२१. सबै नगरवासीलाई नगरको विकास प्रयास र नगरवासीको जीवनस्तरमा उल्लेखनीय रुपमा परिवर्तन ल्याउने अभियानमा एकजुट हुन समेत हार्दिक अनुरोध गर्दछु।

२२. बजेट तर्जुमा प्रक्रियामा साथ र सहयोगका लागि नगरप्रमुखज्यू, सभासदस्यज्यूहरु र अहोरात्र खटिने प्रमुख प्रशासकीय अधिकृत लगायत कर्मचारीहरु, सल्लाह, सुझाव र प्रतिक्रिया दिनुहुने सञ्चार माध्यम, विभिन्न संघसंस्था, विकास साझेदार तथा नगरवासी सबै प्रति हार्दिक आभार व्यक्त गर्दछु। यस बजेटको सफल कार्यान्वयनमा सबै पक्षहरुको सहयोगको समेत अपेक्षा गरेकी छु।

धन्यवाद।

मन्जु देवकोटा
नगरउपप्रमुख
मिति : २०८०/०३/१०

Scanned with CamScanner

कमलामाई नगरपालिका
नगरकार्यपालिकाको कार्यालय, सिन्धुली

विनयोजन विधेयक २०८०

कमलामाई नगरपालिका, सिन्धुली को आर्थिक वर्ष २०८०/८१ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

नगर सभामा पेश मिति : २०८०/०३/१०

प्रस्तावना :

कमलामाई नगरपालिका, सिन्धुलीको आर्थिक वर्ष २०८०/८१ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केहीरकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,नेपालको संविधानको धारा २२९ को उप–धारा (२) बमोजिमकमलामाई नगरपालिका, सिन्धुलीको नगरसभामा यो विधेयक स्वीकृतका लागि पेश गरिएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यस ऐनको नाम "कमलामाई नगरपालिका, सिन्धुलीको विनियोजन ऐन, २०८०" रहेको छ।

(२) यो ऐन स्वीकृत पछि तुरुन्त प्रारम्भ हुनेछ।

२. आर्थिक वर्ष २०८०/८१ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :

आर्थिक वर्ष २०८०/८१ को निमित्त नगरकार्यपालिका, वडासमिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूचीहरुमा उल्लेखित अनुमानित आय तथा व्यय र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. १,३९,४१,३४,६२९।६५ **(एक अर्ब उनान्नचालिस करोड एकचालिस लाख चौतिस हजार छ सय उनान्तीस र पैसा पैसट्ठी मात्र ।)** मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ।

Scanned with CamScanner

३. विनियोजन :

(१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८०/८१ को निमित्त कमलामाई नगरपालिका, सिन्धुलीको नगरकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगरकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एकभन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य झसार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगरसभाको स्वीकृति लिनुपर्नेछ ।

(४) माथि जुनसुकै कुरा लेखिएको भएता पनि स्वीकृत बजेट तथा कार्यक्रमलाइ विभिन्न क्रियाकलापहरुमा विभाजन गरी कार्यान्वयन गर्न वा सो सम्बन्धमा थप स्पष्ट पार्नु पर्ने अवस्था देखिएमा नगरकार्यपालिका कार्यालयबाट नै गर्न सकिनेछ ।

(५) थप आम्दानी तथा खर्च गर्ने सम्बन्धमा यस नगरपालिकाबाट स्वीकृत आम्दानी भन्दा बढी हुने गरी कुनै श्रोतबाट आम्दानी प्राप्त भएमा कार्यालयबाट नै आम्दानी जनाउने र निर्णय गरी खर्च गर्न सकिनेछ । सशर्त आम्दानीको हकमा तोकिएको शीर्षकमा खर्च गर्न कुनै बाधा पुरयाएको मानिने छैन । यसरी गरिएको आम्दानी र खर्च सो पश्चात बस्ने नगरसभामा अनुमोदनका लागि पेश गर्नुपर्नेछ ।

Scanned with CamScanner

अनुसूचि १

आ.व.२०८०/८१ को बजेट तथा कार्यक्रमको लागि प्रस्तावित श्रोत अनुमान तथा खर्चको सीमा निर्धारण

आय				व्यय		
सि.न.	सि.न.	शीर्षक	रकम रू.	सि.न.	शीर्षक	रकम
१	१	अ.ल्या. मौज्दात	७०,०००,०००।००	१	नगरको प्राथमिकता योजना/कार्यक्रम	१२२,७५०,०००।००
२	२	आन्तरिक श्रोत	८०,०००,०००।००	२	चालु संचालन तथा प्रशासनिक खर्च समेत	२२२,७२६,७५८।६५
३	३	संघीय सरकार वित्तीय समानिकरण	१६४,३००,०००।००	३	पुंजीगत संचालन तथा प्रशासनिक खर्च समेत	१०,५००,०००।००
४	४	संघीय सरकारबाट प्राप्त राजश्व बाडफाड (मुल्य अभिवृद्धीकर/अन्तशुल्क)	१६७,१२६,०००।००	४	संघीय सरकार सर्शत चालु अनुदान अनुदान	५१८३०००००
५	५	संघीय सरकार सर्शत अनुदान चालु	५१८,३००,०००।००	५	संघीय सरकार सर्शत अनुदान पुजिगत	१३,६००,०००।००
५	६	संघीय सरकार सर्शत अनुदान पुजिगत	१३,६००,०००।००	६	संघीय सरकार समपुरक कार्यक्रम	५१,०००,०००।००
६	७	संघीय सरकार विशेष अनुदान	५६,०००,०००।००	७	संघीय सरकार विशेष अनुदान	५६,०००,०००।००
७	८	संघीय सरकार समपुरक अनुदान	२५,५००,०००।००	८	प्रदेश सरकार सर्शत अनुदान चालु	१९,४३०,०००।००
८	९	प्रदेश सरकार वित्तीय समानिकरण	१७,५५६,०००।००	९	प्रदेश सरकार सर्शत अनुदान पुंजीगत	४,५००,०००।००
९	१०	प्रदेश सरकार राजश्व बाडफाड (सवारी कर)	११९,२७२,६२९।६५	१०	प्रदेश सरकार समपुरक अनुदान	६३,०००,०००।००
१०	११	प्रदेश सरकार सर्शत अनुदान चालु	१९,४३०,०००।००	११	विभिन्न विषयगत क्षेत्र तथा शाखाहरूको कार्यक्रम	९४,५७७,८७।००
	१२	प्रदेश सरकार सर्शत अनुदान पुजिगत	४,५००,०००।००	१२	प्रकोप व्यवस्थापन कोष	५,०००,०००।००
११	१३	प्रदेश सरकार समपुरक अनुदान	३१,५००,०००।००	१३	कर्मचारी कल्याण कोष	३,०००,०००।००
	१४	प्रदेश विशेष अनुदान	५,०००,०००।००	१४	लैगिक हिसां निवारण कोष	२५०,०००।००
१२	१५	नगर विकास कोष ऋण प्राप्ति	३०,०००,०००।००	१५	पुजीगत अनुसन्धान तथा परामर्श	५,०००,०००।००
१३	१६	बाडफाड प्राप्त हुने विज्ञापन कर	५००,०००।००	१६	सीटीहल निर्माण कोष	१२,०००,०००।००
१४	१७	वन रोयल्टी	४,०००,०००।००	१७	नगर विकास कोष ऋण लगानी	३०,०००,०००।००
१५	१८	ढुगा, गिट्टी, बालुवा बिक्री (दहत्तरबहत्तर) बाडफाडबाट प्राप्तहुने कर	२०,०००,०००।००	१८	सडक बोर्ड नेवा लगायत अन्य कार्यक्रमका लागि म्याचिङ्ग कार्यक्रम	५,०००,०००।००
१६	१९	मालपोत रजिष्टेशन	४५,०००,०००।००	१९	फुटकर योजना तथा कार्यक्रम	५,०००,०००।००
	२०	मनोरञ्जन कर	५०,०००।००	२०	नगर स्वरोजगार कोष	५,०००,०००।००
१७	२१	नगद लागत सहभागिता	२,५००,०००।००	२१	मर्मत संभार कोष	१,०००,०००।००
	२२			२२	सार्वा व्याज फिर्ता सिटिहल	४,०००,०००।००
	२२			२२	नगद लागत सहभागिता	२,५००,०००।००
	२२			२२	वठागत बजेट	१४०,०००,०००।००
		जम्मा	१,३९४,१३४,६२९।६५		जम्मा	१,३९४,१३४,६२९।६५

Scanned with CamScanner

अनुसूची - २
राजस्व तथा अनुदान प्राप्तिको अनुमान
आ.व. २०८०/८१

सि.नं.	शीर्षक	आ.व.२०७८/७९ को यथार्थ	आ.व.२०७९/८० को संशोधित अनुमान	आ.व.२०८०/८१ को प्रस्तावित अनुमान	कैफियत
	राजश्व:	१२५२६७३३२८	१३६२९०३०००	१३९४१३४६३०	
क	आन्तरिक श्रोत राजश्व	६३३५३९७५	६११०००००	८०००००००	
१	सम्पती कर	१००१९७५०	१०००००००	१२०००००	
२	भूमिकर (मालपोत) कर (वक्यौता)	२६४९९४	५५००००	५००००	
३	घरबहाल कर	१२५१३१९१	६०००००	१४५०००००	
४	बहाल विटौरी कर (बस्ने डेरा सहित)	५६२९२१३	६०००००	८०००००	
५	अन्य कर	२१६८२८६	९२५०००	२०००००	
६	सवारी साधन कर (अटो)	०	५००००	०	
७	पर्यटन सेवा शुल्क	०		०	
८	अन्य सेवा शुल्क तथा बिक्री	३६४५१२८	४५०००००	४५०००००	
९	अन्य प्रशासनिक सेवा शुल्क	३६७६५०४	२०००००	५०००००	
१०	सवारी पार्किंग शुल्क	७७७३५०	१००००००	१२०००००	
११	नक्सा पास दस्तुर	२६८६२७३	४०००००	३५०००००	
१२	सिफारिस दस्तुर	६०७६७८४	६६०००००	७०००००	
१३	व्यक्तिगत घटना दर्ता दस्तुर	६७९५७६	२७५०००	३५००००	
१४	नाता प्रमाणित दस्तुर	३२००४०	२५००००	३२००००	
१५	अन्य दस्तुर	४५०९१८२	४३०३०००	६६५००००	
१६	न्यायीक दण्ड जरिवाना र जफत	२१००	५००००	५००००	
१७	प्रशासनिक दण्ड जरिवाना	३४२७६८	३५००००	४३००००	
१८	धरौटी सदरस्याहा	४६२५६६	१०००००	१०००००	
१९	अन्य राजस्व	५१६२३२७	६०००००	६०००००	
२०	सिन्धुलीगढी प्रवेश शुल्क	०	७९४७०००	८०००००	
२१	बेरुजु असुली	६६९९५१	५०००००	२०५००००	
२२	व्यवसाय कर	९५४९५१	१५०००००	१७०००००	
२३	ऐलानी तथा अव्यवस्थित जग्गा अभिलेखिकरण दस्तुर	२७९३०४२	०	५०००००	
२४	कवाडी कर			६०००००	
	जम्मा	६३३५३९७५	६११०००००	८०००००००	
ख	राजश्व बाडफाड	३०३७८९७१६	३२९९०७००००	३५५९४८६२९७	
१	बाढफाडबाट प्राप्त हुने मूल्य अभिवृद्धी कर र पेट्रोलशुल्क	१५५७११२८२	१७३०६०००००१००	१६७१२६०००१००	
२	बाढफाड बाट प्राप्त हुने सवारी साधन कर	९८३५५३२१	१०८८४७०००१००	११९२७२६२९१६५	
३	बाढफाड प्राप्त हुने विज्ञापन कर	०	५००००१००	५००००१००	
४	बाढफाड बाट प्राप्त हुने दहतर बहतर कर	९२५७३५३	१५०००००१००	२०००००००१००	
	वन रोयल्टी	१७८६२१३	२५०००००१००	४०००००१००	
५	बाढफाड बाट प्राप्त हुने घर जग्गा रजिष्ट्रेशन दस्तुर	३८६७९६२७	३०००००००१००	४५०००००१००	
६	मनोरञ्जन कर			५००००१००	

Scanned with CamScanner

	जम्मा	३०३७८९७९६	३२९९०७०००।००	३५५९४८६२९।६५	
ग	अन्य आय	१०८३५९०३२	१२६४६२०००।००	७०००००००।००	
१	गत वर्षको नगद मौज्दात	१०८३५९०३२	१२६४६२०००।००	७०००००००।००	
	जम्मा	१०८३५९०३२	१२६४६२०००।००	७०००००००।००	
घ	अन्तर सरकारी वित्तीय हस्तान्तरण	७७४८१९०००	७८२१३४०००।००	८५५६८६०००।००	
१	नेपाल सरकारबाट प्राप्त अनुदानः	७०६५९६०००	७०७२२७०००।००	७७७०००००।००	
१	वित्तीय समानीकरण अनुदान	१७९६०००००	१९०७००००।००	१६४३००००।००	
२	सशर्त अनुदान (चालु)	४८२०९६०००	४६६८७७०००।००	५१८३००००।००	
३	सशर्त अनुदान (पूंजीगत)	२४१०००००	२६१५०००।००	१३६००००।००	
४	समपूरक अनुदान		२०००००००।००	२५५००००।००	
५	विशेष अनुदान	२०८०००००	३५००००।००	५६०००००।००	
	जम्मा	७०६५९६०००	७०७२२७०००।००	७७७०००००।००	
२	प्रदेश सरकारबाट प्राप्त अनुदानः	६८२२३०००	७४९०७०००।००	७७९८६०००।००	
१	वित्तीय समानीकरण अनुदान	१५६३००००	१८६३१०००।००	१७५५६०००।००	
२	सशर्त अनुदान (चालु)	५५९३०००	२६२७६०००।००	१९४३०००।००	
३	सशर्त अनुदान (पूंजीगत)	१७००००००	०।००	४५००००।००	
४	समपूरक अनुदान	३००००००	३००००००।००	३१५००००।००	
५	विशेष अनुदान	०	०।००	५०००००।००	
	जम्मा	६८२२३०००	७४९०७०००।००	७७९८६०००।००	
ङ	नगद लागत सहभागिता	२३५१५२५	५०००००।००	२५००००।००	
१	नगद लागत सहभागिता जम्मा	२३५१५२५	५०००००।००	२५००००।००	
च	ऋण प्राप्ति		५८३००००।००	३०००००।००	
१	नगर विकास कोष ऋण प्राप्ति	०	५८३००००।००	३०००००।००	
	कुल जम्मा राजस्व रकम	१२५२६७३३२८	१३२९०३०००।००	१३९४१३४६२९।६५	

Scanned with CamScanner

अनुसुचि ३

आ.व. २०८०/८१

कार्यालय संचालन तथा प्रशासनिक खर्च

शीर्षक			चालु आ.व. २०७८/७९ को यथार्थ	आ.व.२०७९/८० का लागि संशोधित अनुमान	आ.व.२०८०/८१ का प्रस्तावित अनुमान	श्रोत		
चालु खर्च						आन्तरिक श्रोत/राजश्व बाडफाड	अन्तर सरकारी वित्तीय हस्तान्तरण	
							नेपाल सरकार	प्रदेश सरकार
खर्च संकेत		शीर्षक/कार्यक्रम						
	१	पदाधिकारीहरुको भत्ता तथा अन्य सुविधा						
	१	पदाधिकारी सुविधा	१२२५४०००	१४०००००	१४०००००			
	२	भ्रमण खर्च तथा दैनिक भत्ता	४०००००	८०००००	८०००००			
	३	पदाधिकारी बैठक भत्ता	२६३५०००	३४०००००	३५०००००			
	४	पदाधिकारीको अन्य सामाजिक सुरक्षा	०	०	५०००००			
	५	इन्धन	१५०००००	२००००००	२५०००००			
	२	कर्मचारी पारिश्रमिक तथा सुविधा						
	१	तलब (स्थायी)	३६५१६०००	४३३४४०००	५०००००००			
	२	महंगी भत्ता (स्थायी)	३०००००	२४०००००	२८०००००			
	३	स्थानीय भत्ता/प्रोत्साहन भत्ता	०	०	०			
	४	खाद्यान्न (नगर प्रहरी समेत)	९०००००	१२०००००	१४०००००			
	५	विभिन्न बैठक भत्ता	२२०१०००	२२०००००	१९७६७५८६५			
	६	कर्मचारी प्रोत्साहन तथा पुरस्कार	०	०	२०००००			
	७	कर्मचारी कल्याण कोष	२०००००	०	०			
	८	अन्य सामाजिक सुरक्षा खर्च	१७१०००	०	५०००००			

Scanned with CamScanner

	९	सरुवा भ्रमण खर्च तथा दैनिक भ्रमण भत्ता	३८७००००	४००००००	४००००००			
	१०	पोषाक	२०६००००	१९९००००	२२०००००			
	११	अन्य भत्ता	१६८९००	१५०००००	२०००००			
	१२	औषधी उपचार	१५०००००	१०००००	३०००००			
	१३	कर्मचारी तालिम कार्यक्रम खर्च	२१६०००	५०००००	५०००००			
	३.	**कार्यालय संचालन सम्बन्धी खर्च**						
	१	कार्यालय इन्धन खर्च	५९६५०००	८४०००००	९०००००			
	२	कार्यालय हेभि इक्यूप्मेन्ट इन्धन	०	०	२०००००			
	३	पानी तथा बिजुली	३१८२०००	३५०००००	३५०००००			
	४	संचार खर्च	१०३५०००	१३०००००	१५०००००			
	५	सूचना प्रणाली तथा सफ्टवेअर नविकरण तथा संचालन खर्च	५०००००	५०००००	५०००००			
	६	छपाई खर्च	९१५०००	१००००००	१५०००००			
	७	पत्रपत्रिका	५०००००	५०००००	५०००००			
	८	सूचना तथा विज्ञापन प्रकाशन	१५०००००	१५०००००	१५०००००			
	९	कार्यालय मसलन्द	५४६२०००	४५०००००	४५०००००			
	१०	कार्यालय संचालन सामाग्री	२५०००००	३००००००	३००००००			
	११	पुस्तक तथा सामाग्री	८८०००	१००००	१०००००			
	१२	सवारी साधन तथा मेशीनरी औजार भाडा	३१७०००	४०००००	३०००००			
	१३	घर भाडा/वडा कार्यालय समेत	१३८५०००	१५०००००	१५०००००			
	१४	वडा कार्यालय विविध खर्च	२४३२०००	३००००००	३००००००			

Scanned with CamScanner

	४	मर्मत सम्भार खर्च						
	१	सवारी साधन मर्मत खर्च	३००००	२९००००	३०००००			
	२	मेशिनरी तथा औजार मर्मत सभार तथा संचालन खर्च	१३०००००	२४८१०००	१८०००००			
	३	निर्मित सार्वजनिक सम्पतिको सम्भार खर्च	१८७४०००	१५०००००	१८०००००			
	४	सडक बत्ती तथा बिद्युत मर्मत	३०००००	२५०००००	३०००००			
	५	कार्यक्रम खर्च						
	१	पजिकरण/राजस्व/लेखा/लेखापरीक्षण तालिम कार्यक्रम	२१६०००	४०००००	५०००००			
	२	स्थलगत अध्ययन अवलोकन भ्रमण कार्यक्रम	०	०	१००००००			
	३	सीप विकास तथा क्षमता अभिबृद्धि कार्यक्रम	४९७०००	०	५०००००			
	४	विविध कार्यक्रम खर्च	११३८०००	१९०००००	२००००००			
	५	विभिन्न दिवस/समारोह कार्यक्रम	२३०००००	१५०००००	५०००००			
	६	सिन्धुलीगढी दिवस	९०५३५६	४०४८५०	५०००००			
	७	नगरपालिका दिवस कार्यक्रम	४९५८००	५०००००	५०००००			
	८	उपभोक्ता समिति अभिमुखीकरण कार्यक्रम	०	०	५०००००			
	९	सार्वजनिक सुनुवाई र सामाजिक परीक्षण कार्यक्रम/ चौमासिक वार्षीक समीक्षा समेत	३५०००००	५०००००	५०००००			
	१०	कार्यालय सरसफाईका कार्यक्रम	१०९०००	४०००००	४०००००			
	११	नगरपालिका सौन्दर्यकरण स्तरोन्नती	५८३०००	१००००००	५०००००			
	१२	फुटकर विविध चालु कार्यक्रम	२००००००	२००००००	२००००००			
	१३	भगिनी सम्बन्ध प्रवर्द्धन कार्यक्रम	९१२७२	०	०			
	१४	पदपूर्ति कार्यक्रम	४०००००	३०००००	५०००००			
	१५	१०० वर्ष पुगेका वा आमालाई दुध वितरण कार्यक्रम	९००००	०	०			
	१६	औषधी खरिद कार्यक्रम	३०००००	३०००००	३०००००			
	१७	बजेट अपुगबाट विभिन्न शीर्षकका भुक्तानी दिन बाँकी विविध कार्यक्रम	०	९०८४८९४	०			

Scanned with CamScanner

	६	परामर्श तथा अन्य सेवा शुल्क						
	१	करार सेवा शुल्क/करार तथा ज्यालादारी कर्मचारीको तलब	४५१०००००	५४२०००००	५५०००००			
	२	अन्य सेवा शुल्क	३७५०००	५०००००	५०००००			
	३	सरसफाई सेवा शुल्क/ फोहोरमैला व्यवस्थापन इन्धन र कर्मचारी पारिश्रमिक समेत)	८००००००	९००००००	९००००००			
	७	अनगुमन मुल्याङ्कन	३९२०००	५५००००	८०००००			
	८	विमा, दर्ता, नविकरण तथा सेवा शुल्क	६६७०००	७०००००	१००००००			
	९	विविध खर्च						
	१	सास्कृतिक रितीरिवाज खर्च	२०००००	४०००००	५०००००			
	२	मनोरञ्जन, स्वागत र अतिथि सत्कार खर्च	१३२२०००	१७०००००	२००००००			
	३	अन्य विविध खर्च	१९९७०००	३५०००००	२३५०००००			
	१०	नगर सभा संचालन खर्च	९९५०००	१००००००	१००००००			
	११	भेपरी आउने चालु खर्च	०	२५०००००	२६०००००			
	१२	इन्धन अन्य प्रयोजन	१५०००००	१०००००	४०००००			
	१३	अन्य सहायता (विभिन्न आर्थिक सहायता समेत)	२५४३०००	४००००००	३५०००००			
	१४	उद्धार राहत तथा पुनःस्थापना खर्च	०	०	३०००००			
	१५	अन्य फिर्ता	८१९०००	१२०००००	१५०००००			
	१६	आयोजना व्यवस्थापन सेवा खर्च	१९९५०००	२००००००	२००००००			
		जम्मा चालु खच	१७७६५७३२८	२१५५६४७४४	२२२७२६७५८१७			
		पुजिगत खर्च						
	१	फर्निचर	२२०७०००	२५०००००	१५०००००			
	२	सवारी साधन	०	०	०			
	३	मेशिनरी औजार	२८०००००	२००००००	१५०००००			
	१	स्वास्थ्य उपकरण तथा औजार	१००००००	१००००००	१००००००			

Scanned with CamScanner

४	विभिन्न शाखामा सफ्टवेयर खरिद तथा व्यवस्थापन	१०००००	५०००००	१००००००			
५	पुजिगत अनुसन्धान, परामर्श, कार्यविधि तथा प्रवर्द्धनात्मक कार्यक्रम	१८७२०००	०	०			
६	सिंचुलीगढी प्रशासनिक पुजिगत	१४०००००	०	०			
९	कन्टेन्जेन्सी	१५०००००	५००००००	५५०००००			
१०	बजेट अनुपबाट भुक्तानीबाट बांकी पुजीगत कार्यक्रम	०	७०००००	०			
	जम्मा पुजीगत खर्च	१०८७९०००	११७०००००	१०५०००००			
		१८८५३६३२८	२३७२६४७४४	२३३२२६७५८१७			
	कुल खर्च						

Scanned with CamScanner

कमलामाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिन्धुलीमाढी
विभिन्न विषयगत, क्षेत्रगत तथा शाखागत कार्यक्रम

अनुसूची-४

क.सं.	क्षेत्रगत कार्यक्रम	आर्थिक वर्ष २०७९/८० मा विनियोजन भएको बजेट रकम	आगामि आर्थिक वर्ष २०८०/८१ मा विनियोजन भएको
१	शिक्षा विकास शाखा तर्फका कार्यक्रम	४५,०००,०००।००	४१,९५३,८७।००
२	कृषि विकास कार्यक्रम	१०,०००,०००।००	५,६५०,०००।००
३	पशु विकास कार्यक्रम	११,०००,०००।००	६,६००,०००।००
४	स्वास्थ्य कार्यक्रम	८,०००,०००।००	७,१५४,०००।००
५	खानेपानी सरसफाई, वन, पर्यटन, विपद् तथा वातावरण	५,०००,०००।००	४,६५०,०००।००
६	भवन तथा वस्ती विकास कार्यक्रम (घर नक्सा)	१,०००,०००।००	४५५,०००।००
७	उद्योग तथा व्यवसाय प्रवर्द्धन कार्यक्रम	९००,०००।००	२,१५०,०००।००
८	सामाजिक विकास कार्यक्रम	३,०००,०००।००	८,०६०,०००।००
९	सहकारी संस्था सम्बन्धि कार्यक्रम	९००,०००।००	८६५,०००।००
१०	न्यायीक समिति सम्बन्धि कार्यक्रम	१,५००,०००।००	१,७६०,०००।००
११	राजश्व शाखा	७००,०००।००	७००,०००।००
१२	आर्थिक प्रशासन शाखा	७००,०००।००	६७५,०००।००
१३	योजना तथा पूर्वाधार विकास	१,०००,०००।००	१,८५०,०००।००
१४	सामाजिक सुरक्षा तथा पञ्जिकरण इकाई	१,१००,०००।००	१,२२५,०००।००
१५	सूचना प्रविधि कार्यक्रम	४,३००,०००।००	४,६००,०००।००
१६	प्रशासन शाखा	४००,०००।००	६५०,०००।००
१७	आन्तरिक लेखापरीक्षण इकाई	४००,०००।००	३००,०००।००
१८	प्रधानमन्त्री रोजगार कार्यक्रम	१,५००,०००।००	५६०,०००।००
१९	ऐलानी तथा अव्यवस्थित जग्गा अभिलेखिकरण	२,५००,०००।००	१,२२०,०००।००
२०	सिन्धुलीगढी विभिन्न कार्यक्रम	६१०,०००।००	३५०,०००।००
२१	खेलकुद विकास सम्बन्धि कार्यक्रम	३,५००,०००।००	३,१५०,०००।००
	कुल जम्मा	१०३,०१०,०००।००	९४,५७७,८७।००

Scanned with CamScanner

अनुसुचि ५

प्राथमिकतामा आधारित योजनाहरू			
सि.न.	योजनाको नाम	रकम	कैफियत
१	नगरपालिका केन्द्र प्रशासनिक भवन निर्माण बहुवर्षीय कार्यक्रम	४५००००००	
२	१ वटा नयाँ वडा कार्यालय प्रशासनिक भवन निर्माण बहुवर्षीय कार्यक्रम	८०००००	
३	वडा नं.१३ को वडा कार्यालय भवन निर्माण निरन्तरता	१००००००	
४	डम्पिङ साइट निर्माण वडा नं. ८, ९, १०, १३ र १४ का लागि (बहुवर्षिय)	४०००००	
५	घदाहा टप्पु क्षेत्र पर्यटकीय पूर्वाधार अन्तर्गत ताल निर्माण (बहुवर्षिय)	२५०००००	
६	दमकल खरिद साझेदारी कार्यक्रम	३०००००	
७	खम्बेचौर प्याराफिट निर्माण (बहुवर्षिय)	४०००००	
८	अटोपार्क निर्माण कार्यक्रम	२०००००	
९	छात्रवास निर्माण- गौमती मा.वि. क.न.पा. - ६, कमला जनज्योति मा.वि. सिलामे क.न.पा-५, नवज्योति बहिरा मा.वि. जसेदमार क.न.पा.-६	६०००००	
१०	नगरक्षेत्रमा तरल फोहोरलाई व्यवस्थापन गर्ने स्लज ट्रिटमेन्ट केन्द्र २ स्थानमा भिमान र सिन्धुलीको उपयुक्त स्थानमा ।	२४०००००	
११	खाडु करिडोर निर्माण	३०००००	
१२	सिन्धुलीगढी बाल उद्यान तथा पूर्वाधार निर्माण	८५०००००	
१३	बसपार्क स्टल निर्माण	१२०००००	
१४	कमलामाई मन्दिर पूर्वाधार निर्माण	१२०००००	
१५	विपन्न लक्षित बाखा अनुदान कार्यक्रम क.न.पा. वडा नं. १,११, १२, ८ र १३	६०००००	
१६	स्वर्गद्वारी घाट निर्माण	७५००००	
१७	कमलामाई नगरपालिका - ६ पार्क निर्माण	१०००००	
१८	हाइ मास्ट लाईट (High Mast Light) तथा सि.सि. क्यामरा विस्तार	३०००००	
१९	एक वडा एक प्राथमिकताका योजना	११२०००००	
	जम्मा	१२२७५००००	

Scanned with CamScanner

कमलामाई नगरपालिका
नगरकार्यपालिकाको कार्यालय, सिन्धुली

शिक्षा क्षेत्रमा प्रस्तावित बजेट

आर्थिक वर्ष २०८०/०८१

अनुसूची-६

१. तलब खर्च व्यवस्थापन अनुदान (पहिलो प्राथमिकता)

सि.नं.	कार्यक्रम / आयोजना / क्रियाकलापको नाम	तलब स्केल	सङ्ख्या	महिना	जम्मा	पोशाक भत्ता	कुल रकम	कैफियत
१	नगर शिक्षक अनुदान/व्यवस्थापन (माध्यमिक तह कक्षा ९-१०) पोशाक भत्ता समेत	34,500	8	13	3,588,000	80,000	3,668,000	
२	नगर शिक्षक अनुदान/व्यवस्थापन (आधारभूत तह कक्षा ६-८) पोशाक भत्ता समेत	27,000	13	13	4,563,000	130,000	4,693,000	
३	नगर बालविकास सहजकर्ता अनुदान/व्यवस्थापन / पोशाक भत्ता समेत	17,000	16	13	3,536,000	160,000	3,696,000	
४	शिक्षा सहजकर्ता सट्टा शिक्षक व्यवस्थापन / पोशाक भत्ता समेत	43,689	3	13	1,703,871	30,000	1,733,871	
५	शिक्षा सहजकर्ता इन्धन तथा सञ्चार	6,000	3	10	180,000	-	180,000	
६	अपाङ्गता श्रोत कक्षा आवा प्रोत्साहन अनुदान	1,500	5	13	97,500	-	97,500	
७	संघीय विद्यालय लेखा सहायक थप तलब व्यवस्थापन	4,500	26	13	1,521,000	-	1,521,000	
८	संघीय विद्यालय कर्मचारी थप तलब व्यवस्थापन	7,000	87	13	7,917,000	-	7,917,000	
९	संघीय बालविकास सहजकर्ता थप तलब व्यवस्थापन	7,000	71	13	6,461,000	-	6,461,000	
१०	संघीय सामुदायिक सिकाइ केन्द्र परिचालक थप तलब व्यवस्थापन	7,000	4	13	364,000	-	364,000	
११	मा.वि. शिक्षक व्यवस्थापन (कमला मा.वि. तीनतले)	34,500	1	13	448,500	-	448,500	
		जम्मा	237				30,779,871	

Scanned with CamScanner

२. कार्यक्रम खर्च व्यवस्थापन (दोस्रो प्राथमिकता)								
१३	शिक्षा समिति / प्राविधिक समिति तथा अन्य नियमित बैठक	30					150,000	
१४	नगर शिक्षक / कर्मचारी छनौट व्यवस्थापन खर्च	12	20,000	-	240,000	-	200,000	
१५	आधारभूत (कक्षा - ८) शिक्षा परीक्षा सञ्चालन व्यवस्थापन (प्रश्नपत्र निर्माण कार्यशाला समेत)				-		500,000	240,000
१८	दिवा खाजा व्यवस्थापन कक्षा ८ का लागि	1,033	15	200	3,099,000		3,099,000	
१९	नगर नमुना विद्यालय व्यवस्थापन	1	500,000		500,000		500,000	
२०	सामुदायिक क्याम्पस शिक्षण अनुदान (निरन्तरता)	5	500,000		2,500,000		2,500,000	
२१	सिन्धुली सामुदायिक टेक्निकल इन्स्टिच्यूट शिक्षण अनुदान	1	500,000		500,000		500,000	
२२	विद्यालय तथा परीक्षा अनुगमन	115					75,000	
२३	प्र.अ. बैठक खाजा खर्च	3	50,000		150,000		100,000	
२४	बहुकक्षा बहुस्तर (MGML) साझेदारी कार्यक्रम (कमलामाई र शैक्षिक सशक्तीकरण केन्द्र) निरन्तरता	6					300,000	
२५	विविध शिक्षा						50,000	
२६	शैक्षिक सूचना व्यवस्थापन (IEMIS) तथा विद्यालय लेखा सम्बन्धी तालिम	34	3,000	2	204,000		100,000	
२७	मा.वि. शिक्षक कम्प्युटर शिक्षा तालिम	26	3,500	5	455,000		300,000	
३०	शैक्षिक पार्श्वचित्र निर्माण						50,000	
३१	प्रधानाध्यापक अभिमूखीकरण तालिम	84	2,000	1	168,000		150,000	
३२	जीवनमूल्य शिक्षा कार्यक्रम	1					300,000	
३३	पढ्दै कमाउदै कार्यक्रम						300,000	
३४	कमलाजनज्योति आवासिय विद्यालय सिलामे छात्रावास व्यवस्थापन						2,000,000	
	जम्मा						11,174,000	
						कूल जम्मा	41,953,871	

Scanned with CamScanner

कमलामाई नगरपालिका
नगरकार्यपालिकाको कार्यालय, सिन्धुली

कृषि शाखा प्रस्तावित बजेट

आर्थिक वर्ष २०८०/०८१

अनुसूची-७

क.सं.	विवरण	रकम	कैफियत
१	कृषि दिवस	५००००	
२	एक वडा एक कृषि पकेट प्रवर्तन कार्यक्रम	२८०००००	
३	तरकारी बीउको मिनी किट वितरण	१०००००	
४	माटो परीक्षण प्रयोगशाला संचालन	१०००००	
५	बाँझो जग्गामा फलफूल विरुवा रोपण/वितरण	५०००००	
६	कृषि यान्त्रिकीकरण वितरण (साझेदारी कार्यक्रम)	१५०००००	
७	वडा तथा शाखामा कृषि प्राविधिकहरुसँग मासिक बैठक	५००००	
८	कृषक सम्मान कार्यक्रम	१०००००	
९	कृषि कार्यक्रम अनुगमन	१०००००	
१०	कृषि विविध/फुटकर खर्च	५००००	
११	ड्रेगन फ्रुट तथा एवोकाडो खेती प्रवर्द्धन कार्यक्रम	१०००००	
१२	कृषि प्रकोप राहत कार्यक्रम	२०००००	
	कुल जम्मा	५६५००००	

Scanned with CamScanner

कमलामाई नगरपालिका
नगरकार्यपालिकाको कार्यालय, सिन्धुली

पशु शाखा प्रस्तावित बजेट

आर्थिक वर्ष २०८०/०८१

अनुसूची-८

क्र.सं.	विवरण	रकम	कैफियत
१	पशु अस्पताल तथा न्याव	१५००००	
२	पशु उपकरण तथा औजार खरीद तथा ढुवानी	३०००००	
३	वडा तथा शाखाका कर्मचारी बीच मासिक बैठक खर्च लजिष्टिक सपोर्ट	५००००	
४	पशुपन्छी व्यवस्थापन ३ दिने तालिम	१५००००	
५	पशु औषधी खरीद तथा ढुवानी	१००००००	
६	आकस्मिक पशु उपचार सेवा	५००००	
७	आन्तरीक तथा वाह्य परजिवी नियन्त्रण	५००००	
८	महामारी रोग विरुद्ध भ्याक्सिन (खोरेत/भ्यागुते/चचरे/रेविज/स्वयन फिभर/पिपिआर)	१५००००	
९	भ्याक्सिनका लागि लजिष्टिक सपोर्ट तथा ढुवानी	५००००	
१०	हिउँदे घाँसको बीउ खरीद तथा ढुवानी, वितरण तथा अनुगमन	२०००००	
११	वर्षे घाँसको बीउ खरीद, ढुवानी, वितरण तथा अनुगमन	१०००००	
१२	पशु सुत्केरी खाद्यान्न कार्यक्रम	१५०००००	
१३	बंगुर पालन (५०% अनुदान)	३०००००	
१४	५०% अनुदानमा मागमा आधारीत पशुपन्छी पालनसंग सम्बन्धित सामग्री वितरण	५०००००	
१५	उत्कृष्ट पशु कृषक सम्मान कार्यक्रम	१०००००	
१६	लागत साझेदारी पशु कार्यक्रम	१५०००००	
१७	रेविज रोग नियन्त्रण दिवस/सिविर सचेतना कार्यक्रम	१०००००	
१८	पशु कार्यालय रंगरोगन, मर्मत, सम्भार कार्यक्रम	१०००००	
१९	कार्यक्रम अनुगमन तथा मूल्याङ्कन एवं दैनिक भ्रमण	५००००	
२०	विभिन्न रोग विरुद्ध भ्याक्सिनेशन गरे वापत भ्याक्सिनेटरलाई पारीश्रमिक	१०००००	
२१	कार्यालय सचालन तथा विविध फुटकर	१०००००	
	कुल जम्मा	६६०००००	

Scanned with CamScanner

९६.

कमलामाई नगरपालिका
नगरकार्यपालिकाको कार्यालय, सिन्धुली

स्वास्थ्य शाखा प्रस्तावित बजेट

आर्थिक वर्ष २०८०/०८१

अनुसूची-९

क्र.सं.	विवरण	रकम	कैफियत
१	महिला स्वास्थ्य स्वयं सेविकाताई प्रोत्साहन भत्ता मासिक रु १५०० को दरले ६३ जना स्वयं सेविकाको लागि	११३४०००	
२	जेष्ठ नागरिकहरुलाई कृत्रिम दाँत राख्ने कार्यक्रम	१०००००	
३	बडाहरुमा दन्त परिक्षण शिविर	३०००००	
४	बडाहरुमा विशेषज्ञ चिकित्सक द्वारा नि:शुल्क स्वास्थ्य जाँच र औषधि वितरण	५०००००	
५	नगरउपप्रमुखसंग गर्भवती तथा सुत्केरी महिला कार्यक्रम	५०००००	
६	आधारभुत स्वास्थ्यकेन्द्रहरुको लागि कार्यालय संचालन खर्च अनुदान	१०००००	
७	स्वास्थ्यकर्मीहरुको लागि क्षमता अभिवृद्धि कार्यक्रम	१०००००	
८	सिन्धुली अस्पतालमा कार्यरत विशेषज्ञ चिकित्सक प्रोत्साहन कार्यक्रम	१०००००	
९	प्राकृतिक प्रकोप एवं विपत्तीका कारणले मृत्यु भएका विपन्न व्यक्तिको सव-बहान खर्च	२०००००	
१०	मोतिबिन्दु भएका विरामीहरुको लागि नि:शुल्क शल्यक्रियाको लागि रेडक्रस शाखा सिन्धुली संग साझेदारी कार्यक्रम	५०००००	
११	ब्लड-बैङ्कलाई चौबिसे घण्टा संचालनको लागि त्याव टेक्निसियन करार/ज्यातादारीमा भर्ना	४७००००	
१२	जेष्ठ नागरिकसंग नगरप्रमुख स्वास्थ्य कार्यक्रम	२०००००	
१३	खोप क्लिनिक संचालन गरे वापतको सेवा प्रदायकलाई यातायात खर्च (प्रति क्लिनिक ५०० को दरले)	३५००००	
१४	भ्याक्सिन,औषधि लगायत स्वास्थ्य सामाग्री ढुवानी	१०००००	
१५	स्वास्थ्य विविध तथा फुटकर खर्च	१५००००	
१६	पोषण मैत्री बडा घोषणाको लागि तयारी कार्यक्रम ५ वटा बडा	५००००	
१७	नगरप्रमुखसँग जनता स्वास्थ्य कार्यक्रम	५०००००	
	कुल जम्मा	७१५४०००	

Scanned with CamScanner

कमलामाई नगरपालिका
नगरकार्यपालिकाको कार्यालय, सिन्धुली

खानेपानी सरसफाई, वन, पर्यटन, विपद् तथा वातावरण शाखा

आर्थिक वर्ष २०८०/०८१

अनुसूची-१०

क.सं.	विवरण	रकम	कैफियत
१	चियाबारी दुंगेभन्ज्याङ ऐतिहासिक पद मार्ग पुनः निर्माण	२०००००	
२	निजी क्षेत्र साझेदारीमा स्ट्रीट फेस्टिभल आयोजना	१०००००	
३	सुनकोशी मरिण जलसाधन परियोजना पर्यटन विकास गुरु योजना निर्माण	१०००००	
४	नगर प्रहरी रिफ्रेसर तालिम कार्यक्रम	२०००००	
५	प्लाष्टिक प्रदुषण नियन्त्रण	७०००००	
६	वहक्षेत्रीय जोखिम न्युनीकरण तथा नियन्त्रण	२०००००	
७	आकस्मिक सरसफाई कार्यक्रम संचालन	३०००००	
८	नदी धार नियन्त्रण तथा पोखरी निर्माण	१००००००	
९	नमुना कम्पोष्टिङ कार्यक्रम	५०००००	
१०	टोल विकास संस्था सुदृढीकरण	५०००००	
११	सरसफाई कर्मचारी सुरक्षा व्यवस्थापन	२०००००	
१२	बगैचा निर्माण २ स्थान	६०००००	
१३	वातावरण दिवस	५००००	
	कुल जम्मा	४६५००००	

Scanned with CamScanner

कमलामाई नगरपालिका
नगरकार्यपालिकाको कार्यालय, सिन्धुली

घर नक्सा शाखा प्रस्तावित बजेट

आर्थिक वर्ष २०८०/०८१

अनुसूची-११

क.सं.	विवरण	रकम	कैफियत
१	घर नक्सा पास तथा निर्माण व्यवस्थापन प्रणाली (EBPS) लाई अपडेट गर्ने	२०००००	
२	घर नक्सा शाखाको EBPS सफ्टवेरको अपडेट पछि कन्सल्टेन्टहरु सहितको पुनर्ताजगी तालिम (२ दिने)	५००००	
३	नगरपालिका भित्र हुन नभएका घरहरुको तथ्याङ्क संकलन कार्यक्रम	१०००००	
४	नगरपालिका मातहत रहेका सार्वजनिक जग्गा पहिचान गरी व्यापारीक सम्भाव्यता रहेको क्षेत्रमा १ तल्लाको व्यापारीक भवनको नक्सा तयारी	५००००	
५	अनुगमन तथा विविध खर्च	५५०००	
	कूल जम्मा	४५५०००	

Scanned with CamScanner

कमलामाई नगरपालिका
नगरकार्यपालिकाको कार्यालय, सिन्धुली

उद्योग प्रस्तावित बजेट

आर्थिक वर्ष २०८०/०८१

अनुसूची-१२

क.सं.	विवरण	रकम	कैफियत
१	गरीबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम निर्देशिका २०७७, बमोजिम मेड मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गर्ने (घरधुरी सर्वेक्षण उद्यमशीलता विकास तालिम, प्राविधिक सीप विकास तालिम, बजार विस्तार)	४५००००	
२	स्थानीय उत्पादनलाई बजारीकरण गर्ने	५००००	
३	भै रहेको उद्योगहरुलाई स्तरोन्नती गराउन प्रविधि सहयोग साझेदारी कार्यक्रम	८०००००	
४	संचालित उद्योग व्यवसायलाई लेवलिङ्ग र प्याकेजिङमा सहयोग गर्ने	५००००	
५	नगरपालिका भित्र रहेका उद्योग व्यापार व्यवसायहरुको तथ्याङ्ग अभिलेखीकरण कार्यक्रम	१०००००	
६	स्थानीय स्तरमा उत्पादन भएका उत्पादित वस्तुको प्रदर्शन एवं प्रवर्द्धन	१५००००	
७	सफल उद्यमी प्रवर्द्धन कार्यक्रम संचार माध्यमबाट	१५००००	
८	कार्यक्रम अनुगमन, विविध, फुटकर	५००००	
९	घरेलु उद्योग प्रवर्द्धन	५०००००	
	कुल जम्मा	**२१५०००० **	

Scanned with CamScanner

कमलामाई नगरपालिका
नगरकार्यपालिकाको कार्यालय, सिन्धुली

सामाजिक विकास शाखा प्रस्तावित बजेट

आर्थिक वर्ष २०८०/०८१

अनुसूची-१३

क्र.सं.	विवरण	रकम	कैफियत
१	१०० वर्ष कटेका जेष्ठ नागरिकहरुलाई दैनिक १ लिटर दुध वितरण	५०००००	
२	जेष्ठ नागरिक दिवस	५००००	
३	अपाङ्गता परिचय पत्र वितरण समितिको बैठक र मासिक रुपमा परिचयपत्र वितरण तथा घरदैलो कार्यक्रम	२०००००	
४	विपन्न स्वास्थ्य बीमा कार्यक्रम नवीकरण	१००००००	
५	अपाङ्गता दिवस	५००००	
६	अपाङ्गता भएका व्यक्तिहरुको सीपमूलक तालिम वस्तुगत टेवा	२०००००	
७	गरिब, असाहय बालबालिकाहरुलाई आर्थिक सहयोग कार्यक्रम	१५०००००	
८	राष्ट्रिय तथा अन्तराष्ट्रिय बाल दिवस	५००००	
९	बालमैत्री वडा घोषणाको लागि तयारी	५००००	
१०	नगर तथा वडा स्तरीय बाल अधिकार संरक्षण समिति गठन	५००००	
११	वडास्तरीय बाल क्लब/बाल सञ्जाल गठन	१०००००	
१२	आपतकालिन बाल उद्धार कोष संचालन	५००००	
१३	महिलाहरुको लागि कानुनी अधिकार, प्रस्तावना लेखन तथा नेतृत्व विकास सम्बन्धि ३ दिने तालिम	१०००००	
१४	महिला हिंसा विरुद्धको १६ दिने अभियान	१०००००	
१५	अन्तराष्ट्रिय महिला दिवस	२५०००	
१६	अन्तराष्ट्रिय आदिवासी जनजाति दिवस	१०००००	
१७	छुवाछुत विरुद्धको जनचेतनामुलक कार्यक्रम	५००००	
१८	किशोर, किशोरी अन्तरक्रिया कार्यक्रम	५००००	
१९	लैंगिक हिंसा निवारण नगर समन्वय समिति बैठक	४००००	
२०	सेफहाउन संचालन	१०००००	
२१	एच.आई.भी. संक्रमितहरुको लागि कार्यक्रम	१०००००	
२२	सेफहाउस संचालन समितिको बैठक संचालन	१५०००	
२३	स्वास्थ्य बीमा दर्ता सहयोगी र सरोकारवालाहरुसँग अन्तरक्रिया कार्यक्रम	५००००	
२४	विपन्न स्वास्थ्य बिमा कार्यक्रम (नयाँ)	१००००००	
२५	स्वास्थ्य बीमा सम्बन्धि बैठक/अनुगमन	५००००	
२६	वडास्तरीय महिला आयआर्जन कार्यक्रम (वडाबाट संचालन गर्ने)	१४०००००	
२७	दलित समुदाय सीपं विकास कार्यक्रम (नगर स्तरीय)	४०००००	
२८	प्रत्येक वडामा विपन्न एकल महिला आय आर्जन कार्यक्रम (वडाबाट संचालन गर्ने)	१४०००००	
२९	तिज विशेष वडा स्तरीय कार्यक्रम	३५००००	
३०	अन्तर्राष्ट्रिय नारी दिवस	२८०००००	
	कुल जम्मा	८०६००००	

Scanned with CamScanner

कमलामाई नगरपालिका
नगरकार्यपालिकाको कार्यालय, सिन्धुली

सहकारी शाखा प्रस्तावित बजेट

आर्थिक वर्ष २०८०/०८१

अनुसूची-१४

क्र.सं.	विवरण	रकम	कैफियत
१	सहकारी संस्थाका वार्षिक रुपमा साथ सम्पर्क श्रोत सेवा	५००००	
२	सुशासन र स्वनियमन प्रवर्द्धन गर्न अर्धवार्षिक अन्तर्क्रिया बैठक	१०००००	
३	केन्द्रिय सहकारी संघ लि. (नेफ्स्कून) र विषयगत संघहरुसँगको लागत साझेदारीमा कार्यक्रम संचालन	३०००००	
४	सहकारी कानुन तथा दिग्दर्शन बमोजिम संस्थाहरुको स्थानीयकरण, एकिकरण एवं पुनर्गठन प्रशिक्षण	१५०००००	
५	सहकारी दिवस कार्यक्रम	५००००	
६	प्रत्येक सहकारी संस्थाको कम्तीमा वर्षमा एकपल्ट नियमित अनुगमन तथा निरीक्षण	७५०००	
७	कोपोमिस प्रविष्टि र सम्पत्ती शुद्धिकरणको प्रभावकारी कार्यान्वयन	५००००	
८	वार्षिक सहकारी बुलेटिन प्रकाशन	४००००	
९	उत्कृष्ट सहकारी प्रोत्साहन	५००००	
	कूल जम्मा	८६५०००	

Scanned with CamScanner

कमलामाई नगरपालिका
नगरकार्यपालिकाको कार्यालय, सिन्धुली

